**२०७६ साल जेठ ०७ गते मंगलबारको दिन बसेको खिजीदेम्वा गाउँ कार्यपालिकाको चवालीसौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. रेस्क्यु नेपालसँगको साझेदारीमा सञ्चालन हुने खिजीदेम्वा गाउँपालिका अन्तर्गतका “विच्पु वाँसवोट खानेपानी आयोजना” वडा नं. १ को लागि रु. १,००,०००। “नस्पु बञ्चरे खानेपानी आयोजना” वडा नं. २ को लागि रु. ६०,०००। र “लोसा कुण्डली खानेपानी आयोजना” वडा नं. ४ को लागि रु. ३,००,०००। गरी जम्मा रु. ४,६०,०००। चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रमको सि.नं. १५ को “समपुरक/जोडकोष” शीर्षकबाट उपलब्ध गराउने ।

२. खिजीदेम्वा गाउँपालिकाको गाउँपालिका पार्श्व चित्र तयार गर्ने प्रयोजनको लागि तयार गरिएको प्रश्नावली स्वीकृत गर्ने ।

३. खिजीदेम्वा गाउँपालिकामा खोप सेवालाई नियमित र व्यवस्थित गर्न एक थान डिप फ्रिज र सो को लागि विद्युत आपूर्ति गर्न आवश्यक सोलार प्यानल खरिद गर्न रु २,००,०००। बजेट चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं.२१ को गाडी भाडा शीर्षकबाट उपलब्ध गराउने ।

४. गाउँपालिकाद्धारा सञ्चालित राष्ट्पति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्दा अपुग हुन आएको रु. १,६३,६००। (एकलाख त्रिसठी हजार छ सय मात्र) आगामी गाउँ सभाबाट अनुमोदन हुने गरी चालु आर्थिक वर्षको वार्षिक वजेट तथा कार्यक्रमको सि.नं. २१ को “गाडी भाडा” शीर्षकबाट भुक्तानी दिने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

खिजीदेम्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिजीफलाटे, ओखलढुंगा १ नं. प्रदेश नेपाल स्था: २०७३

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत